# स्थानीय राजपत्र

ककनी गाउँपालिका, नुवाकोटद्वारा प्रकाशित

| खण्ड ७ | संख्या ११ | मितिः २०८०/१२/०८ |
|---|---|---|


**भाग २**

**ककनी गाउँपालिका**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८० सालको कार्यविधि संख्या ११

# एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८०

प्रस्तावनाः

ककनी गाउँपालिकाको नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवामा छिटो सहज तथा केहि विशेष स्वास्थ्य अवस्थामा निःशुल्क एम्बुलेन्स सेवाको सञ्चालन/व्यवस्थापन गर्न अत्ति जरुरी देखिएको हुनाले ककनी गाउँपालिकाको घोषित नीति अनुरुप सरल व्यवस्थित र भरपर्दो किसिमले स्वास्थ्य सेवामा नागरिकको पहुँच सुनिश्चित गर्न र एम्बुलेन्स अभावको कारण समयमा स्वास्थ्य सेवा प्राप्त गर्न नसक्ने विरामीलाई स्वास्थ्य सेवामा पहुच पुर्याउन एम्बुलेन्स सेवा

पारदर्शी सरल विश्वासनीय बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरि ककनी गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ।

१. **सक्षिप्त नाम र प्रारम्भ** :

(क) यो कार्यविधिको नाम "एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०८० " रहेको छ।

(ख) यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्वीकृति प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ।

(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ।

(ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ।

(घ) "गाउँपालिका" भन्नाले ककनी गाउँपालिकालाई सम्झनु पर्छ।

(ङ) "सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्नेगरी समितिले तोकेको शुल्क सम्झनु पर्छ।

(च) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले एम्बुलेन्स सञ्चालन तथा ब्यवस्थापन समिति सम्झनु पर्छ।

३. **एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति** :

(१) एम्बुलेन्स सेवा सञ्चालनका व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायका पदाधिकारीहरू रहेका एक गाउँ एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी सदस्य

(ग) कार्यपालिकाका सदस्यहरू मध्येबाट गाउँपालिका अध्यक्षले मनोनित गरेको १ जना सदस्य

(घ) गाउँ पालिकाको स्वास्थ्य शाखा प्रमुख वा निजले तोकेको कर्मचारी सदस्य

(घ) गाउँ पालिकाको आर्थिक प्रशासन शाखा प्रमुख सदस्य-सचिब

४. **एम्बुलेन्स सञ्चालन तथा ब्यवस्थापन समितिः**

(१) गाउँपालिकाले खरिद गरि आफैले सञ्चालन गर्ने हकमा देहायको एक एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

(क) गाउँपालिकाको प्रशासन शाखा,प्रमुख -संयोजक

(ख) गाउँपालिकाको राजस्व शाखा, प्रमुख - सदस्य

(ग) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) गाउँपालिका आफैले खरिद गरी वा गाउँपालिकाको अनुदानमा खरिद भएको एम्बुलेन्स उपदफा (१) बमोजिम गाउँपालिका आफैले सञ्चालन नगरी कुनै वडालाई हस्तान्तरण गरेमा सोको सञ्चालन सोही वडाको एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन समितिले गर्नेछ। र सो समिति ५ सदस्य हुनेछ।

(क) सम्बन्धित वडाको वडा अध्यक्ष - संयोजक

(ख) निर्वाचित वडा सदस्य मध्ये महिला/दलित सहित २ जना - सदस्य

(ग) स्थानीय स्वास्थ्य संस्था प्रमुख - सदस्य

(घ) सम्बन्धित वडाको सचिब - सदस्य सचिब

(३) उपदफा २ बमोजिम कुनै वडालाई हस्तान्तरण भएमा सो वडासँग गाउँपालिकाले आवश्यक सम्झौता गरी हस्तान्तरण गर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिमको सञ्चालन तथा व्यवस्थापन समितिका कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक संख्या पुगेका मानिनेछ।

(५) समितिका बैठक आवश्यकता अनुसार बस्नेछ । समितिका वैठक भत्ता गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(६) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

५. **समितिको काम, कर्तव्य र अधिकार** :

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रूपमा सञ्चालन गरे, नगरेका अनुगमन गर्ने।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने । यस कार्यविधि अनुसारका आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिई आचारसंहिता पालना गर्न लगाउने । बारम्बार आचरण उल्लघंन गरेमा आवश्यकता अनुसार करार सम्झौता रह गर्ने ।

(ग) एम्बुलेन्स सेवाका बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सनुवाई तथा व्यवस्थापन गर्ने ।

(घ) जिल्ला स्तरमा एम्बुलेन्स सम्बन्धी दर रेट निर्धारण गर्ने निकायको सिफारिस बमोजिम आवश्यकता अनुसार शुल्क परिमार्जन गर्ने।

(ङ) सरोकारवाला तथा अन्य संघहरू बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समीक्षा बैठक गर्ने ।

(च) गाउँपालिकाका विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा सञ्चालनका लागि आवश्यक थप मापदण्ड बनाउने ।

(छ) चालकले अनुसूची (१) बमोजिम सेवा शुल्क लिइ बैंक / कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

(२) समितिका सदस्य-सचिवले सेवा प्रवाह स्थितिका अद्यावधिक विवरण प्रत्येक वर्षका जेष्ठ मसान्तमा गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(३) ककनी गाउँपालिका अन्तर्गत बसोबास गर्ने सेवाग्राही, गाउँकार्यपालिकामा कार्यरत कर्मचारीहरूलाई विशेष छुट दिने/ नदिने निर्णय गर्ने छ ।

६. **सेवा शुल्क सम्बन्धी व्यवस्था :**

(१) एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले अनुसूची (१) मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कका रूपमा बुझाउनु पर्नेछ ।

(२) एम्बुलेन्स सेवा बापत उठेका रकम दफा ४ को उपदफा (१) बमोजिम सञ्चालन हुने भएमा गाउँपालिकाले र उप दफा (२) बमोजिम सञ्चालन हुने भएमा जुन संस्था/वडालाई हस्तान्तरण गरिएको हो सोहि संस्था/वडाले एक अलग बैंक खाता/ कोष खडा गरी त्यसमा जम्मा गर्नेछ ।

(३) सेवा दिए बापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेबारी सम्बन्धित चालकको हुनेछ ।

(४) सो कोषको सञ्चालन, सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयानुसार हुनेछ । कोषको रकम सामान्यता चालकको तलब, भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्री लगायतको खरिदमा र गाउँपालिकाले निर्धारण गरेको समितिको बैठक भत्तामा समेत खर्च गरिनेछ ।

(५) यस कार्यविधिको दफा ६ को उप दफा १ मा जुन सुकै कुरा लेखिएता पनि देहाय बमोजिमको अवस्थामा सेवा शुल्क लाग्ने छैन्।

क. गर्भवती महिलालाई सुत्केरी हुने बेला नजिकको सरकारी स्वास्थ्य संस्था आउन

ख. प्रसुतिकर्मीको सिफारिसमा सम्बन्धित स्वास्थ्य संस्थाको प्रसुती केन्द्रमा प्रसुती गराउँदा आमा र बच्चाको स्वास्थ्यमा प्रतिकूल असर पर्ने देखिएमा नजिक पर्ने प्रेषण केन्द्रसम्म निःशुल्क एम्बुलेन्स सेवा दिनु पर्ने छ।

ग. नवजात शिशु तथा ५९ महिना मुनिका बालबालिका लाई तपसिल बमोजिमको अवस्थामा बाहेक अन्य अवस्थामा समितिले तोके बमोजिमको शुल्क लाग्ने छ।

* कडा निमोनिया          * कडा जल बिनियोजन

* ब्याक्टेरियाको सम्भावित गम्भीर संक्रमण (धेरै कडा रोग)

* कडा जन्डिस          * जन्मदा धेरै कम तौल

घ. ककनी गाउँपालिकाभित्र दुर्घटनामा परेको व्यक्तिलाई उद्धार गरेको अवस्था

७. **चालकको नियुक्ती र सेवा सुविधा** :

(१) एम्बुलेन्स सेवा सञ्चालनका लागि गाउँकार्यपालिकाले वा एम्बुलेन्स सेवा सञ्चालन गर्ने संघसंस्था/वडाले एक जना योग्यता पुगेको चालक सेवा करार सम्झौता गर्नेछ।

(२) चालकको पारिश्रमिक सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(३) चालकको रू. २ लाख सम्मको दुर्घटना वीमा गरिनेछ। वीमाका प्रिमियम बापतको रकम यसै कार्यविधिबमोजिमको कोषबाट ब्यहोरिनेछ।

(४) चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसूची (२) बमोजिम हुनेछ।

प्रअन्य क्षेत्रको हकमा सो रकममा नघट्ने गरी समितिको निर्णय बमोजिम कोषबाट उपलब्ध हुनेछ।

(६) चालकलाई संचालक समितिको निर्णयले थप अन्य सुविधा उपलब्ध गराउन सक्नेछ।

८. **एम्बुलेन्स रहने स्थान सोको मर्मत सम्भार** :

(१) दफा ४ को उपदफा १ बमोजिम सञ्चालन हुने एम्बुलेन्सको हकमा ककनी गाउँपालिका स्वास्थ्य शाखा र प्रशासन शाखा हातमा मर्मत संभार हुनेछ।

(२) एम्बुलेन्सका नियमित मर्मत सम्भार गर्ने जिम्मेबारी चालकको हुनेछ र मर्मत गर्नु पर्ने भएमा बढीमा महिनामा रू ५०००/-(पाँच हजार मात्र) सम्मको इस्टिमेट अनुसार को मर्मत दफा ४ को उपदफा (१) वा (२) बमोजिमको समितिको निर्णयानुसार हुनेछन। सो भन्दा बढीको मर्मत भएमा उक्त समितिको सिफरिसमा दफा ३ को समितिले निर्णय गरे बमोजिम हुनेछ।

(३) एम्बुलेन्स चालु अवस्थामा राख्ने जिम्मेवारी चालकको हुनेछ।

९. **खाता सञ्चालन**

(१) एम्वुलेन्स सेवा सञ्चालन गर्दा प्राप्त भएको राजश्व जम्मा गर्ने र भएको खर्च भुक्तानीको प्रयोजनार्थ प्रशासन शाखा प्रमुख र स्वास्थ्य शाखा प्रमुखको संयुक्त दस्तखतबाट एम्वुलेन्स सञ्चालन तथा व्यवस्थापन खाता सञ्चालन गरिनेछ।

१०. **विविध** :

(१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधिका विवरण अनुसूची (३) बमोजिम हुनेछ।

(२) एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीका विमाका दायित्व सेवाग्राही स्वयंको हुनेछ।

(३) यस कार्यविधिमा आवश्यकता अनुसार संसोधन गाउँकार्यपालिकाले गर्न सक्नेछ।

(४) कोषको रकम हिनामिना गरेको प्रमाणित भएमा निजसँग सरकारी बाँकि सरह असुल उपर गरिनेछ

## अनसूची १

**(निर्देशिकाका दफा (६) संग सम्बन्धित सेवा शुल्क सम्बन्धी दररेट)**

| क्र.सं. | स्थान देखी | स्थान सम्म | स्वीकृत दर रेट रु . |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

एम्बुलेन्सको तोकिएको सेवा शुल्क र माग फाराम भरी बिरामी अस्पताल वा सम्बन्धित ठाउमा पुऱ्याएपछि कार्यालयमा बुझाउनुपर्नेछ।

१. कच्ची सडक प्रति किलोमिटर रू.।

२. ग्राबेल सडक प्रति किलोमिटर रू.१२०।

३. पक्की सडक प्रति किलोमिटर रू.

४. सिलीन्डर अक्सिजन शुक्ल प्रति घण्टा रू १००।

५. ककनी गाउँपालिकाको कार्यालाय देखि १ कि.मी. चक्रमा पर्ने वा स्थान सम्मका लागि रू ०० भाडा दर प्रस्ताव कायम गरिएको छ।

## अनसूची २

## (कार्यविधिको दफा ७ को उपदफा (४) संग सम्बन्धित)

## एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१ एम्बुलेन्स सञ्चालन निर्देशिका, २०७६ लाई पूर्णतः पालना गर्नुपर्ने,

२ आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाका मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३ मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,

४ बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीका परिवारलाई सम्मान पूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

५ आफैले लिएका निर्णयहरूमा रूमा आफनै व्यक्तिगत रूपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

६ आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुको साथ आफैमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरूलाई पनि सिकाउनु पर्ने,

७ कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसका बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

८ बिरामीलाई बीच बाटोमा अलपत्र हुने गरी छाडन् नहुने,

९ आफ्नो कामको सिलसिलामा पाएको कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरूबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने।

१० अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग गर्नुपर्ने तथा अनुसन्धानमा मद्दत पुर्‍याउने पर्ने,

११ आफूले उचित देखेका बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रो पक्षहरूको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,

१२ नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरू ओसार पसार नगर्ने। प्रचलित कानुनको पालना, गर्नुपर्ने र त्यस्तो गरेमा नेपाल सरकारको ऐन नियम अनुसार स्वंय सजायको भाग्यदारी हुनेछ।

१३ सम्झौता अनुशार चालकको कार्य सन्तोषजनक नभएमा चालक सँग सम्झौता जत्ति सुकै वेला पनि रद्द गर्न सक्ने छ।

१४ समितिले तोकेको भन्दा बढी पैसा बिरामी सँग लिन पाउने छैन।

१५. कर्मचारीले पालना गर्नुपर्ने आचारण तथा आचार सहितको पूर्ण पालना गर्नुपर्ने,

म ........................... ठेगाना .................................... ना.प्र.प.नं ............. जिल्ला, डाइभिङ्ग लाइसेन्स नं. ............... जारी मिति..........................................ले माथिको उल्लिखित आचार संहिता अध्ययन गरेको छु। नुवाकोट जिल्ला ककनी गाउँपालिकाको एम्बुलेन्स चलाउँदा मैले यो आचार संहिता पूर्ण रूपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु।

चालककोः

दस्तखत :

नाम :

मिति :

रोहबरमा प्रमाणित गर्ने व्यक्तिकोः

दस्तखत :

नाम :

पद :

दस्तखत :

मितिः-

**कार्यालयको छाप**

## अनुसूची ३

(**कार्यविधिको दफा ९ का उपदफा** (१) **सँग सम्वन्धित**)

एम्बुलेन्स सेवाको मापदण्ड तथा सुबिधा राष्ट्रिय एम्बुलेन्स निर्देशिका २०७८ को अनुसूची ४ बमोजिम हुनेछ

## अनुसूचि-४

**ककनी गाउँपालिका**

**एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति**

**रानीपौवा, नुवाकोट**

**स्था.२०८०**

**नगदी विल**

वि.नं. मितिः.................

नामथरः.....................वर्षः.............ठेगानाः.....................

| सि.नं. | विवरण | बाट | सम्मा | देखि | सम्मा | जम्मा | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | जम्मा | | | | | | | | |

बझाउनेको सहीः- बझिलिनेको सहीः-

## अनुसूची-५

## ककनी गाउँपालिका

## एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति

## रानीपौवा, नुवाकोट

**स्था.२०८०**

## आम्दानी रजिष्टर

नामथरः......................वर्षः................ठेगानाः............

| सि.नं. | विवरण | बाट | सम्मा | देखि | सम्मा | जम्मा | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | जम्मा | | | | | | | | |

बझाउनेको सहीः-

बझिलिनेको सहीः-

**अनुसूची–६**

**छाप**

**ककनी गाउँपालिका**

**एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति**

**रानीपौवा, नुवाकोट**

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**

प्रमाणीकरण मितिः २०८०/१२/०८

आज्ञाले,
खम्बराज राई
प्रमुख प्रशासकीय अधिकृत